“आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी”

# मन्त्रालयमा
# १०० दिन






## गोविन्द बहादुर नेपाली
## मन्त्री

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

गण्डकी प्रदेश, पोखरा, नेपाल






सपथ ग्रहण कार्यक्रम






मन्त्रालयका सचिव सहित सचिवालय टिम

| भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | |
|---|---|
| क्र.सं. | कार्यजिम्मेवारी |
| १. | प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा कार्यान्वयन र नियमन |
| २. | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन |
| ३. | सडक, निर्माण, मर्मत तथा सम्भार |
| ४. | शहरी विकास |
| ५. | जनता आवास |
| ६. | झोलुङ्गे पुल |
| ७. | प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ८. | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन |
| ९. | प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन |
| १०. | प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन |
| ११. | प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण, प्रदेश सरकारका पदाधिकारी र प्रदेश सभाका सभामुख, उपसभामुख र सदस्यको आवास सम्बन्धी व्यवस्था |
| १२. | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन |
| १३. | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन |
| १४. | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति पत्र र नवीकरण |
| १५. | प्रदेशभित्र सार्वजनिक यातायातको रूट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन |
| १६. | वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन |
| १७. | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन |

## "प्रदेशको विकास र समृद्धिको आधारः दिगो–प्रविधिमैत्री यातायात र भौतिक पूर्वाधार"

मिति २०८३ बैशाख ०२ गतेबाट मन्त्रालयको जिम्मेवारी सम्हाल्दै गर्दा आर्थिक वर्ष २०८२/८३ को तेस्रो चौमासिक अवधि सुरूवात भएको थियो । यस आ.व.को बाँकी छोटो अवधिमा कार्यालय तथा आयोजनाहरूको अनुगमन निरीक्षण गर्ने, कार्यान्वयनको अवस्थामा सुधार ल्याउने, रूग्ण योजनाहरूको कामलाई सुचारू गर्न पहल गर्ने, दायित्व सिर्जना भएका योजनाहरूको प्राथमिकताको आधारमा आर्थिक तथा प्राविधिक व्यवस्थापनका साथै जीर्ण अवस्थामा रहेका योजना एवं बाढीपहिरोको कारण क्षतिग्रस्त सडक तथा पुलको मर्मत सम्भार, भवनको पुनर्निर्माण लगायतका काम स्वभाविक रूपमा मेरो प्रमुख प्राथमिकतामा रहे ।

आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यान्वयनकै चरणमा रहेको अवस्थामा खप्रदर्शन भयो । यसका कारण ठूलो जनधनको क्षति हुनुका साथै कैयन् चुनौतीहरू हाम्रो बीचमा सिर्जना भए । मध्यपूर्वमा देखा परेका युद्धका बाछिटाहरूले हाम्रो देशको अर्थतन्त्रलाई शिथिल बनायो । पेट्रोलियम पदार्थमा भएको अप्रत्यासित मुल्यबृद्धिले भौतिक पूर्वाधार विकासका कामलाई नराम्ररी प्रभावित बनायो । यस्तै प्रतिकुल अवस्थाको बीचमा मैले मन्त्रालयको जिम्मेवारी सम्हाले पश्चात् गत आ.व.को योजना कार्यान्वयन र चालु आ.व. २०८३/०८४ को बजेट निर्माणमा केन्द्रित रहेको, मन्त्रालय र यस अन्तर्गतका कार्यालयहरूबाट सम्पादन भएका उल्लेखनीय कामलाई १०० दिनको उपलब्धिको रूपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

## भौतिक पूर्वाधारमा तेस्रो चौमासिक प्रगति

आर्थिक वर्ष २०८२/०८३ को अन्तिम चौमासिक अवधिमा भौतिक पूर्वाधार विकास तर्फ उल्लेखनीय प्रगति हासिल भएको छ । बहुवर्षीय आयोजना अन्तर्गत १२ वटा सडक योजनामा १६.०५ कि.मी. कालोपत्रे, ४.०९ कि.मी. ढलान तथा १८.१० कि.मी. ग्राभेल सडक निर्माण सम्पन्न भएको छ । यसै अवधिमा १० वटा पुल निर्माण सम्पन्न भएको छन् भने ३ वटा झोलुङ्गे पुल (ट्रस पुल सहित) निर्माण सम्पन्न भएका छन् । साथै, सालबसाली कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा ३२९ वटा सडक तथा २४ वटा भवनसम्बन्धी योजनाहरूको कार्यान्वयन प्रभावकारी रूपमा अघि बढाइएको छ, जसले प्रदेशको भौतिक पूर्वाधार विकास र नागरिकको आवागमन तथा सेवा पहुँचमा सकारात्मक योगदान पुऱ्याएको छ । माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेद्वारा गोरखा र तनहुँ जिल्लामा निर्माण सम्पन्न भएका ४ वटा मोटरेवल पुलको उद्घाटन गरी यातायात सञ्चालनको शुभारम्भ गर्नुभएको छ ।

बहुबर्षीय तर्फ सम्पन्न भएका योजनाको विवरण
(२०८३ बैशाख देखि २०८३ असारसम्म) (तथ्याङ्कमा)

| योजना | संख्या | लम्बाई | | | कैफियत |
|---|---|---|---|---|---|
| | | कालोपत्रे | ढलान | ग्राभेल | |
| सडक | १२ | १६.०५ | ४.०९ | १८.१० | |
| पुल | १० | | | | ३१० मी. |
| झो. पु. | ३ | | | | ट्रस पुल सहित |

सालबसाली तर्फ सम्पन्न भएका योजनाहरूको विवरण (आ.व. ०८२/०८३)

| शीर्षक | सङ्ख्या |
|---|---|
| सडक | ३२९ |
| भवन | २४ |

## यातायात क्षेत्र

### १. यातायात व्यवस्था कार्यालय लेखनाथको स्थापना

गण्डकी प्रदेशको राजधानी पोखरामा रहेका यातायात व्यवस्था कार्यालय, सवारी, कास्की र यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, कास्कीमा भएको उच्च कार्यचापलाई न्युनीकरण गर्न, सेवा प्रवाहलाई विस्तार गरी प्रभावकारी बनाउनको लागि कास्की जिल्ला पोखरा महानगर पालिका वडा नं. ३० पावर हाउसमा यातायात व्यवस्था कार्यालय लेखनाथको स्थापना गरियो । मिति २०८३ जेठ १ गते भव्य समारोहका बीच माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यूको समुपस्थितिमा कार्यालयको समुद्घाटन गरियो ।

### २. बक्यौता रकम उसुल

यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, कास्की पोखराको जग्गा परिसरभित्र रहेको अभियान सामुदायिक अस्पताललले साविकको संझौता अनुसार बुझाउनु पर्ने रकम लामो समयदेखि बक्यौताको रूपमा रहेको, महालेखा परिक्षकको कार्यालयको छैटौं वार्षिक प्रतिवेदनले समेत असुल उपर गर्नको लागि निर्देश गरेको जम्मा रकम २ करोड ६४ लाख ९४ हजार २ सय १९ रूपैया मन्त्रालयको अगुवाईमा असुलउपर गरियो ।स

## ३. सेवा शाखा काउन्टर स्थापना

जनताको माग र आवश्यकतालाई सम्बोधन गर्ने क्रममा गैँडाकोट नगरपालिकासँग समन्वय गरी यातायात ब्यवस्था कार्यालय नवलपुरको शाखा काउण्टर गैडाकोटमा स्थापना हुने गरी तयारी गरिएको ।

## ४. सवारी भाडा समायोजन

- ❒ विगत लामो अवधिदेखि हालसम्म भाडा समायोजन नभएको, अन्तर्राष्ट्रिय बजारमा इन्धनको मुल्यमा आएको परिवर्तनको कारण नेपाली बजारमा इन्धनको मुल्यवृद्धि, सवारीसाधनको पाटपुर्जा, लुब्रिकेन्ट, श्रम लगायत अन्य सवारी सञ्चालन खर्चमा भएको परिवर्तन जस्ता सुचकहरूको विश्लेषण गरी प्रदेश भित्र सञ्चालन हुने सार्वजनिक यातायातको समयसापेक्ष भाडा समायोजन सहित भाडा निर्धारण गरियो ।
- ❒ नेपालमै पहिलो पटक प्रदेशभित्र सञ्चालित राइड सेयरिङ तथा सेल्फ ड्राइभ सेवा सञ्चालन गर्ने सवारीको भाडादर तोकियो ।

## ५. सफ्टवेयर व्यवस्थापन तथा सूचना प्रविधिको प्रयोग

- ❒ यातायात कार्यालय नवलपुरमा सवारी चालक अनुमति पत्रको लिखित परिक्षा विद्युतीय माध्यमबाट दिने व्यवस्था मिलाइएको ।
- ❒ यातायात व्यवस्था कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई सुचना प्रविधिमैत्री बनाउन यही साउन पहिलो हप्ताभित्र कार्यान्वयनमा आउने गरी डिजिटलाईजेशन प्रणालीको तयारी सकिएको ।

## ६. सवारी चालक अनुमति पत्र वितरण

यातायात व्यवस्था विभागबाट २ लाख १० हजार प्रति स्मार्ट लाईसेन्स प्राप्त भएकोमा मिति २०८३ जेठ ११ गतेबाट वितरण सुरू गरी मिति २०८३ साउन ५ गते सम्म ७१ हजार स्मार्ट लाइसेन्स कार्ड वितरण गरिएको । लाइसेन्स वितरणलाई छिटो, छरितो, सहज र प्रभावकारी बनाउन स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूको इर्न्टनसीप कार्यक्रम मार्फत १ महिना परिचालन गरी कार्ड वितरण गरिएको ।

## ७. कानुन, नीतिगत तथा संस्थागत सुधार

- ❒ यातायात क्षेत्रको बजारलाई प्रतिस्पर्धी बनाउन, युवा उद्यमीहरूलाई स्वरोजगारमा प्रोत्साहन गर्न, प्रदेशभित्रको राजस्व वृद्धि गर्न र प्रदेश भित्र सञ्चालनमा रहेका राइड सेयरिङ सेवा दिइरहेका सवारी साधनहरूलाई कानुनी दायरामा ल्याई नियमन तथा व्यवस्थापन गर्न गण्डकी प्रदेश राइड सेयरिङ (नियमन तथा व्यवस्थापन) (दोस्रो संशोधन) नियमावली, २०८३ जारी गरिएको ।
- ❒ रकमान्तरको अधिकार आर्थिक मामिला मन्त्रालयबाट भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा प्रत्यायोजन भएको ।
- ❒ संक्षिप्त वातावरणीय अध्ययन (BES)/ प्रारम्भिक वातावरणीय अध्ययन (IEE) को स्वीकृतिलाई प्रभावकारी र व्यवस्थित बनाउन विज्ञ समूहको गठन र सुझाव संकलन गरिएको ।
- ❒ ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP-AF) सडक अन्तर्गत क्षतिग्रस्त संरचनाहरूको क्षतिपूर्ति दिन कार्यविधि तयार गरिएको ।
- ❒ लामो समयदेखि निर्माण कार्य रोकिएको तनहुँ जिल्लाको कृष्ण मार्ग सडकको विवाद समाधान गरी बजेट विनियोजन मार्फत खरिद व्यवस्थापनलाई सुल्झाईएको ।

- ❐ प्रदेशको रूग्ण आयोजनालाई व्यवस्थापन गर्न काम नभएका/काम नहुने निश्चित भएका योजनाहरूलाई कालो सुचीमा राख्न सिफारिस गरिएको ।
- ❐ जेन–जी प्रदर्शनबाट क्षतिग्रस्त भएका सरकारी कार्यालय तथा आवासको क्षति मुल्याङ्कन गरी पुनः निर्माणको काम भईरहेको ।
- ❐ जेन–जी प्रदर्शनको समयमा आगजनी तथा तोडफोडको कारणबाट सवारी साधन तथा सवारी चालक अनुमति पत्रको अभिलेख रेकर्ड तथा ढड्डाको क्षति भएको हुँदा उक्त अभिलेख रेकर्ड दर्ता किताव खडा गरी यातायात व्यवस्था कार्यालयको सेवा सञ्चालन गर्न क्षतिग्रस्त अभिलेख खडा गरी यातायात सेवा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०८३ बनाई अभिलेखमा भएको क्षतिका कारण अवरूद्ध सेवा प्रवाह सुचारू गरिएको ।
- ❐ यातायात व्यवस्था कार्यालयहरूमा सहायता कक्ष स्थापना गरी विचौलियाहरूको प्रवेश र पहुँचमा रोक लगाइएको ।
- ❐ कार्यालयमा आएका जनगुनासोहरूको समयमा नै सम्बोधन गरी फर्स्यौट गरिएको ।
- ❐ एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को पूर्णरूपमा कार्यान्वयन गरी कार्यालयको कार्यसम्पादन र निर्णय प्रकृयालाई व्यवस्थित बनाइएको ।

## ८. राजस्व परिचालन

मन्त्रालय अन्तगर्तका कुल १९ वटा निकायहरूबाट अन्तिम तेस्रो चौमासिकको अवधिमा रू. १ अर्ब ८० करोड ९८ लाख ६ हजार ७ सय ३२ मात्र संकलन भएको ।

## ९. बजेट विनियोजन वित्तीय प्रगति तथा भुक्तानीको सारांश

| प्रदेश सरकार | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अनुदान संकेत अनुसार खुद बजेट र खर्च | | | | | | | | | |
| आर्थिक वर्ष २०८२/८३ | | | | | | | (रू. हजारमा) | | |
| क्र.स. | मन्त्रालय/ निकाय | बजेट | | | खर्च | | खर्च प्रतिशत | | |
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | चालु | पुँजीगत | जम्मा |
| १ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | ५०८१४० | ११६६३२८४.२६९ | १२१७१४२४.२६९ | २७४१७३ | ७६१०६९७ | ५३.९६ | ६५.२५ | ६४.७८ |

आ.व. २०८२/०८३ को प्रदेश वार्षिक बजेट र संघीय सशर्त अनुदान एवं समपुरक अनुदान स्रोतबाट विनियोजित गत आ.व.कोकुल बजेट रू. १२ अर्ब १७ करोड १४ लाख २४ हजार २ सय ६९ मध्ये प्रतिकुल अवस्थामा पनि रू. ७ अर्ब ८८ करोड ४८ लाख ७० हजार मात्र खर्च भई ६४.७८ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । विषम परिस्थितिमा प्राप्त उक्त प्रगति सन्तोषजनक रहेको छ ।

## १०. अनुगमन, निरीक्षण तथा निर्देशन

पदभार ग्रहण पश्चातको तीन महिना समयावधिमा मन्त्रालय र मातहतका निकायहरूको सांगठनिक एवं व्यवसायिक कार्यसम्पादनमा नेतृत्वदायी भूमिका प्रदान गर्नुपर्ने जिम्मेवारी भएकोले आफ्नो विभागीय कार्यक्षेत्र अन्तर्गतका कार्यालयहरूको अवलोकन तथा निरीक्षण गरी कार्यालयहरूमा रहेका भौतिक स्रोतसाधन जनशक्ति पदपुर्ति, कार्यचाप, कार्यालय संरचना तथा विन्यास, सेवाप्रवाहको परिपाटी र कार्य प्रगतिको बारेमा स्थलगत निरीक्षण गरी आवश्यक निर्देशन दिएको ।

- ११ वटै जिल्लाका पूर्वाधार विकास कार्यालय प्रमुखहरूसँग नियमित छलफल तथा कार्यप्रगति बारे समिक्षा भई सहजीकरण गरिएको ।
- मन्त्रालय मातहतका कार्यालयहरूको अध्ययन, अवलोकन तथा वस्तुस्थिति बुझिएको ।
- गण्डकी प्रदेशलाई विनयी त्रिवेणी नगरपालिकासँग जोड्ने अति महत्वपूर्ण दुम्किवास बहुवन त्रिवेणी सडक निरीक्षण अवलोकन गरिएको ।
- पोखरा, भिमाद देखि नवलपुर जोड्ने छोटो दुरीको वैकल्पिक मार्ग छरछरे बाह्रकोल फारम सडक निरीक्षण गरिएको ।

## ११. बजेट र यसका उपलब्धि

- योजनाको छनौट र बजेट विनियोजनको कामलाई सहभागितामूलक, सन्तुलित, व्यवस्थित र जनपक्षीय बनाउनको लागि प्रदेशसभाका माननीय सदस्यहरूसँग परामर्श बैठक बसेर छलफल गरिएको ।
- बजेट निर्माणमा सहयोग पुग्ने अपेक्षा सहित पूर्व भौतिक पूर्वाधार विकास मन्त्रीहरूको बैठक आयोजना गरि अनुभव ग्रहण गरिएको ।
- मन्त्रालयबाट प्रदेश सरकारको निर्दिष्ट लक्ष्य, नीति तथा कार्यक्रम र जनताको आवश्यकतालाई मध्यनजर गरी योजनाको छनौट तथा बजेट विनियोजन गरिएको ।
- गोरखा, मनाङ र मुस्ताङका गाउँपालिकाको केन्द्रलाई प्रदेशको सडक सञ्जालले छुन नसकेको अवस्थालाई मध्यनजर गरी रणनीतिक सडकको छनौट एवं बजेट विनियोजन गरिएको ।
- विनयी त्रिवेणी गाउँपालिकामा वडा नं. ६ र ७ का बासिन्दालाई आफ्नै गाउँपालिकाको केन्द्रमा सेवा लिनको लागि अवागमनमा समस्या भएकोले कोरोला-पोखरा-भिमाद-डेडगाउँ-चोरमारा-दुम्कीबास-त्रिवेणी सडकलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको ।
- विगत आ.व.मा दायित्व सिर्जना भएका बहुवर्षीय योजनाहरूलाई सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको ।
- सडक पुल बन्न ठुलो बजेट र समय आवश्यक पर्ने हुँदा जनतालाई सास्ती हुने गरेको स्थितिको तत्काल समाधानको लागि मन्त्रालयले बेलीब्रिज पुललाई उच्च महत्व दिइएको र सोही अनुसार बजेट व्यवस्थापन गरिएको ।
- प्रदेशका सम्पन्न कालोपत्रे सडकहरूको मर्मत सम्भारको लागि आ.व ०८३/०८४ मा प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको ।

**अन्त्यमा....,**

१०० दिनको अवधिमा सहयोग, समन्वय र सहकार्य गर्नुहुने तथा प्रत्यक्ष–अप्रत्यक्ष रूपमा शुभकामना–शुभेच्छा प्रकट गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दै यस्तै खालको सहयोग, समन्वय र सहकार्यको निरन्तर अपेक्षा गरेको छु ।

# धन्यवाद !

मितिः २०८३ श्रावण ८ गते

# तस्वीरमा १०० दिन



पूर्वाधार विकास कार्यालयका प्रमुखहरूसंग परिचयात्मक छलफल कार्यक्रम






मन्त्रालयका सचिवज्यूहरूको फेरी भेटौला तथा स्वागत कार्यक्रममा



पूर्वाधार विकास कार्यालय कास्कीमा अनुगमन तथा निरीक्षण



पूर्वाधार विकास कार्यालयमा पर्वतमा परिचय तथा अनुगमन



आर.सी.आइ.पी.–ए.एफ कार्यालय कास्कीमा भेटघाट तथा अनुगमन



यातायात व्यवस्था कार्यालय नवलपुरद्वारा
विद्युतीय प्रणालीबाट लिखित परिक्षा सुरूवात




सडक, पुल तथा प्रादेशिक भवन कार्यालय कास्कीमा अनुगमन



पूर्वाधार विकास कार्यालय बागलुङमा अनुगमन



नवलपूर जिल्लाको निर्माणाधीन नमुना सदरमुकामको अवलोकन तथा निरीक्षण




ट्राफिक व्यवस्थापन सम्बन्धी प्रादेशिक समिक्षा गोष्ठीमा मा. मुख्यमन्त्री सहित




नवलपुर स्थित बौलाहाखोला पुल अनुगमन तथा निरीक्षण




यातायात व्यवस्था कार्यालय बागलुङमा परिचय तथा अनुगमन




जिल्ला समन्वय समिति नवलपुरद्धारा आयोजित समिक्षा कार्यक्रम



पूर्वाधार विकास कार्यालय नवलपुरमा अनुगमन तथा छलफल






यातायात व्यवस्था कार्यालय लेखनाथको उद्घाटन कार्यक्रममा मुख्यमन्त्री सहित



नेपाल यातायात व्यवसायी महासंघ गण्डकी प्रदेशको कार्यक्रममा सहभागी हुदैं




नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सातौं महाधिवेशन उद्घाटन सत्रमा




बजेट निर्माणको सन्दर्भमा पूर्व मन्त्री र माननीयज्यूहरूसंग छलफल




गोरखा न.पा. र शहिद लखन गा.पा. जोड्ने लुदीखोला पुल उद्‌घाटन गर्नुहुँदै मा. मुख्यमन्त्री






गोरखा जिल्लाको चुक्तीखोला पुल र तनहुँको चुँदी खोला पुल उद्‌घाटन गर्नुहुँदै मा. मुख्यमन्त्री





बागलुङ जिल्लाको तमानखोला र निसीखोला गा.पा.मा निर्माण सम्पन्न भएका बेलिब्रिज पुल



अछेते डुडिया ठुलो गाउँ धम्जा देउराली सडक स्तरोन्नति काठेखोला २ बागलुङ




करपुटार डडुवा साल्मे भन्ज्याङ मालिङ सडक (तेस्रो खण्ड)



नौलीखोला लापु सडकपुल, धार्चे, गोरखा




वारपाक–लारपाक सडक, गोरखा



हान्देभिर बगरफाँट सडक म्याग्दी स्तरोन्नति



बेनी तोरीपानी पाखापानी सडक



सावता थापाचौर झोलुङ्गे पुल, बेनी, म्याग्दी



चराङ देखी धुवादीखोला झो.पु., भिरकोट, स्याङ्जा



निस्याङ गापाको सिमानादेखि टंकीमनाङ सडक



मनाङ डिस्याङ १ वडा कार्यालय जाने बाटोको स्तरोन्नति, मनाङ डिस्याङ १ पिसाङ



थापाठानाको खुमदेखि भँगरा बेतेनी सल्यानधारा घन्तरी लुङ्ग सडक, फलेवास

# आ.व. २०८२/८३ को वार्षिक प्रगति समिक्षा/
# आ.व. २०८३/८४ को कार्ययोजना तयारी कार्यक्रम



















# गण्डकी प्रदेश








## गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

## पोखरा, कास्की

०६१-४६५५३६, ४६५५५६ mopid@gandaki.gov.np mopid.gandaki.gov.np